आज मिति २०८१/०५/२५ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ४५ औं बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ वि. पुदासैनी | वडा नं.२ सदस्य (आमन्त्रित) | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १९ | श्री गौरव कुमार [illegible] | ले.अ. | |
| २० | श्री राज तिलक थापा | प्रशासन शाखा (क.अ.) | |

कार्यपालिका बैठक संख्या नं. ४५ स्थानः गाउँपालिका  मिति : २०८१/०५/२५ गते

बैठकमा छलफलका प्रस्तावहरु

१. वडा नं ८ को रेडक्रस भवन र प्रहरी चौकीको भवनको IEE प्रतिबेदन र सडकको DPR प्रतिबेदन  स्वीकृति सम्वन्धमा

२. नदिजन्य पदार्थको लागि विभिन्न खोलाहरुको आइईको लागि सुचना अनुसारको TOR समर्थन सम्वन्धमा ।

३. बिबिध बिषयहरु

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

गाउँ कार्यपालिकाको ४५ औं बैठकका छलफल सहित भएका निर्णयहरु

निर्णय नं १.

गत आर्थिक बर्षमा कार्यपालिकाबाट निर्णय भइ सम्झौता भएका र चालु आर्थिक सम्म भुक्तानी दिन बाँकी रहेका देहायका परामर्श सेवाका कामहरुको सम्बन्धित फर्महरुबाट कार्य सम्पन्न प्रतिवेदन सहित कामको विवरण,प्राविधिक मुल्यांकन समेत यस कार्यपालिकामा प्रस्तुत भएकोले सम्झौता अनुसार रकम भुक्तानी दिने सर्बसहमतिले निर्णय गरियो ।

| कामको विवरण | काम गर्ने फर्मको नाम | सम्झौता रकम रु. | कैफियत |
|---|---|---|---|
| प्रहरी चौकी वडा नं ८ भवन IEE सम्पन्न गरेको | मानब इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि चन्दनाथ जुम्ला | २लाख ९९ हजार ४५० | कार्यपालिकाको बैठकमा प्रस्तुत गरेको |
| रेडक्रस भवन वडा नं ८ को भवन निर्माणको IEE काम सम्पन्न | मानब इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि चन्दननाथ ,जुम्ला | २लाख ९९ हजार ४५० | कार्यपालिकाको बैठकमा प्रस्तुत गरेको |
| वडा नं ७ को विभिन्न सडकको DPR सम्पन्न गरेको | मुनाल कन्सल्टेन्ट प्रालि तिनकुने काठमान्डौ | ५ लाख ८५ हजार ९०५ | कार्यपालिकाको बैठकमा प्रस्तुत गरेको |

निर्णय नं २.

गाउपालिकाबाट गाउपालिका भित्र रहेका भिभिन्न खोलाको नदिजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनको लागि IEE गर्ने प्रयोजनको लागि प्रकाशित सुचना अनुसारको TOR समर्थन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ३. मिति २०८१ साउन ३२ गते बसेको कार्यापालिकामा भए गरेका निर्णय र कार्यान्वयनको अवस्थाको बारेमा यो बैठकमा समिक्षा गरियो । निर्णयहरु अधिकांश कार्यन्वयन भएको पाइयो । कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ४. गत आवमा झैं यस आवमा पनि यस गाउँपालिकामा भएका बिभिन्न कवाडीजन्य मालबस्तु सहित निकासी करको लागि न्युनतम रु.५लाख (मुअकर बाहेक) रकम अंक कायम गरि गाउपालिकाको आर्थिक ऐन २०८१ मा तोकिएका दरहरु अनुसार शुल्क /दस्तुर/कर असुल गर्ने गरि सिलबन्दी दरभाउपत्रका माध्यमबाट प्रस्ताव आह्वान गरि कर असुल गर्ने र ठेक्का लगाउँदा ठेक्का साकार गर्ने ब्यवसायीहरुले एकमुस्ट कबोल अंक रकम जम्मा गरेमा १० प्रतिशत रकम छुट गरि सम्झौता गर्ने निर्णय गरियो ।

गाउपालिकाका अध्यक्ष ज्युको निर्देशन अनुसार अर्को बैठकको आदेश नहुन्जेल सम्मको लागि यो बैठक समापन गरियो ।